Ph.No.०७८५४०४१२
Email:-info.dcnawalpur@supremecourt.gov.np

# श्री नवलपुर जिल्ला अदालत

कावासोती

पत्र. संख्या ०७८/०७९
चलानी नं. ४३३८
मितिः २०७८।१०।०७

## नवलपुर जिल्ला अदालतको सूचना

कोरोना भाईरस (कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोन लगायतका विभिन्न भेरियन्टका कारण उत्पन्न विषम् र असहज परिस्थिति उत्पन्न भएको साथै माननीय न्यायाधीश र कर्मचारीहरु लगायत गरी हालसम्म ५ जना जनशक्तिमा संक्रमण देखिएको तथा अन्य माननीय न्यायाधीशज्यू र कर्मचारीहरुमा कोभिडको मिल्दोजुल्दो लक्षणहरु देखिएको सन्दर्भमा सेवाग्राही, अदालतमा कार्यरत जनशक्ति र कानून व्यवसायी एवं अदालतमा आउने अन्य सरोकारवालाहरुमा कोभिड संक्रमणको जोखिम न्यूनिकरण गर्न अत्यावश्क देखिएको र सम्मानीत सर्वोच्च अदालतको मिति २०७८।१०।०४ को पूर्ण बैठकको निर्णयबाट स्थानीय परिस्थिति एवं जोखिमको अवस्था तथा संक्रमित भएको अवस्था समेतको मूल्यांकनको आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्था सम्बन्धित अदालतले मिलाउने भनी निर्देशन समेत प्राप्त भएको एवं जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला वार इकाईका पदाधिकारीहरु सँगको छलफलबाट प्राप्त सुझाव समेतलाई मध्यनजर गरी यस अदालतको मिति २०७८।१०।०७ मा बसेको पूर्ण बैठकबाट मिति २०७८।१०।०९ देखि मिति २०७८।१०।२१ सम्म देहाय बमोजिमका सेवा मात्र प्रवाह हुने गरी सेवा संकुचन गर्ने समेतका निर्णयहरु भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

देहायः

क) सेवा प्रवाह सम्बन्धमाः

१) अभियुक्तलाई अनुसन्धानको लागि हिरासतमा राख्न अनुमति दिने(म्याद थप), पक्राउ पुर्जी अनुमति, कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्यहरु
२) थुनुवा प्रतिवादी भएका तथा वाल सुधार गृहमा रहेका कानूनको विवादमा परेका वालकहरुको मुद्दाको पेशी र सुनुवाई
३) अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्र साथ पेश भएका अभियूक्तको बयान लिने, थुनछेक आदेश गर्ने
४) प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको बयान तथा थुनछेक सम्बन्धी कार्य
५) बन्दीप्रत्यक्षीकरण तथा निषेधाज्ञा सम्बन्धी निवेदनको पेशी र सुनुवाई
६) मुद्दा फिर्ता, मिलापत्र, डिसमिस सम्बन्धी काम कारवाही
७) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसारका निवेदन
८) थुनुवा निवेदक भएका मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरु
९) सम्पत्ति रोक्का तथा फुकुवा सम्बन्धि निवेदन
१०) कसूर ठहर भई सजाय निर्धारण सम्बन्धी पेशी र सुनुवाई
११) घरेलु हिंसा सम्बन्धी मुद्दामा अन्तरिम संरक्षणात्मक आदेश माग भएका निवेदनको सुनुवाई
१२) फैसला कार्यान्वयनसँग सम्बन्धित थुनुवा/कैदीका निवेदन दर्ता र सुनुवाई

श्रेस्तेदार
(उप सचिव)

Ph.No.०७८५४०४१२
Email:-info.dcnawalpur@supremecourt.gov.np

# श्री नवलपुर जिल्ला अदालत

## कावासोती

पत्र. संख्या ०७८/०७९
चलानी नं. ४३३८
मितिः २०७८।१०।०७

१३) अधिकृत वारेसनामा समेतका विशेष प्रकृतिका निवेदनहरु
१४) फैसला वा आदेशको नक्कल उपलब्ध गराउने
१५) दशीका रुपमा अभियोगपत्रसाथ पेश भई आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका सामान फिर्ता माग गर्न आएमा फिर्ता दिने सम्बन्धि कारवाही गर्ने
१६) थुनुवा मुद्दा र वाल सुधार गृहमा रहेका कानूनको विवादमा परेका वालकहरुसँग सम्बन्धीत मुद्दाका साक्षीहरुको बकपत्र

ख) मुद्दा/निवेदन दर्ता गर्न सम्बन्धमा अत्यावश्यक भएमा मात्र अदालतमा उपस्थित भई सेवा लिने र अन्य तारेख दिने लगायतका काम कारवाही जनस्वास्थ्यका निर्धारित मापदण्ड अनुसार सामाजिक दुरी कायम गर्ने भिडभाड हुन नदिने लगायतका कुराहरुको पूर्ण परिपालना हुने गरी सञ्चालन गर्न अदालत प्रशासनले आवश्यक व्यवस्था मिलाउने छ।

ग) अदालतमा अनावश्यक भिडभाड हुन नदिन अत्यावश्यक र न्यून संख्याको जनशक्तिबाट आलोपालो मिलाई कामकारवाही गर्ने व्यवस्था हुनेछ।

२०७८।१०।६

महेन्द्र प्रसाद पौडयाल
स्रेस्तेदार (उपसचिव)
श्रेस्तेदार
(उप सचिव)